**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाडौं ।**

## समस्याग्रस्त घोषित १९ सहकारी संस्थाहरुको ऋण, मागदाबी, सम्पत्ति, दायित्व तथा अन्य अभिलेख व्यवस्थित गराउनका लागि विशेषज्ञ सेवा लिने बारेको आशय प्रस्ताव तथा आर्थिक प्रस्ताव गोप्य शिलबन्दी पेश गर्ने बारेको सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भई सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि यस समितिसमक्ष प्राप्त हुन आएका १९ सहकारी संस्थाहरुको सहकारी ऐन, २०७४ को दफा १२० बमोजिम विशेषज्ञको सेवा लिई समस्याग्रस्त सहकारीहरुको ऋण, मागदाबी, सम्पत्ति, दायित्व तथा अन्य अभिलेख व्यवस्थित गराउन र यस समितिबाट समस्याग्रस्त संस्थालाई व्यवस्थापन गर्न कार्यआदेश प्राप्त प्रत्येक टिमलाई सहजिकरण गर्न बाह्य बिशेषज्ञ सेवा लिनु पर्ने भएकोले उक्त कार्यका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा आबद्ध भएका व्यक्ति, फर्म, संस्थाहरुमा लेखापरीक्षण गरी अनुभव प्राप्त गरेका रजिष्ट्रर लेखापरीक्षकहरुबाट तपसिल बमोजिमको शर्त तथा कार्य विवरणको परिधिभित्र रही १५ दिनभित्र आशयपत्र तथा आर्थिक प्रस्ताव पेश गर्न सार्वजनिक खरीद नियमावलीको दफा ७० तथा ७१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा कार्य विवरण :**

१. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषित १९ सहकारी संस्थाको मागदाबी विवरण, ऋणीको विवरण, सम्पत्ति विवरण र दायित्व एकिन गरी तीन महिनाभित्र तोकिएको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. विशेषज्ञको सेवा कार्य यसै कार्यालयभित्र र कार्यालय समयमा रहि गर्नु पर्नेछ र कागजात, तथ्याङ्क र विवरणको गोपनीयता राख्नु पर्नेछ ।

३. प्रस्ताव यसै कार्यालयमा कार्यालय समयमा १५ दिनभित्र पेश गर्नु पर्नेछ ।

४. न्यून लागत बिधिको आधारमा प्रस्ताव मूल्याङ्कन गरिनेछ ।

५. प्रस्तावदाता र कार्यको स्वार्थ बाझिने भएमा प्रस्ताव उपर कारबाही हुने छैन ।

६. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

७. आवश्यक विशेषज्ञ सेवा ५ जना मात्र कायम गरिएको छ ।

८. निश्चित बजेट विधिबाट परामर्शदाताको छनौट गर्नु पर्ने भएकोले पाँच जना विशेषज्ञलाई एकमुष्ट अधिकतम रु.७,५०,०००।- (सात लाख पचास हजार) को परिधिमा रही प्रस्ताव पेश गर्नु पर्नेछ । नियमानुसार लाग्ने कर कट्टी हुनेछ । छनौट भएका परामर्शदातालाई नियमानुसारको पेश्की रकम उपलब्ध गराईने छ ।

९. विशेषज्ञको सेवा सम्झौताको मितिबाट तीन महिनाको लागि लिईने छ ।

१०. प्रस्तावदाताले आफ्नो संस्थाको करचुक्ता प्रमाण समेत पेश गर्नु पर्नेछ ।

११. प्रस्तावको भाषा नेपालीमा हुनु पर्नेछ ।

१२. प्रस्ताव पेश गर्ने समयसिमा सकिएको भोलिपल्ट कार्यालय खुल्ने दिनमा प्रस्तावहरु खोलिनेछ ।

१३. आशयपत्रदाता तथा प्रस्तावकर्ताले सहकारी क्षेत्रको लेखापरीक्षण कार्य गरेको तथा विशेषज्ञताको अनुभवको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१४. अन्य विषयहरु कानून बमोजिम हुनेछन् ।

विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ ।